एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड
EVEREST INSURANCE COMPANY LTD.

ई.आई.सी. ०२६८। २०७८/०७९ च.नं. : ९.९३५

मिति : २०७८।१२।२४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय : **२७औं वार्षिक साधारण सभा तथा सेयर दाखिल खारेज सम्बन्धमा ।**

महोदय,

यस कम्पनीको मिति २४ चैत्र २०७८ बिहीबार अपरान्ह ३:०० बजे बसेको संचालक समितिको १२३औं बैठकको निर्णयानुसार कम्पनीको २७औं वार्षिक साधारण सभा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुंदा सो को लागि मिति १२ वैशाख २०७९ सोमबार एक (१) दिनको लागि कम्पनीको सेयर दाखिल खारेज (Book Close) गर्ने निर्णय भएको जानकारी गराउंदछौं ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ साल वैशाख २१ गते (तदअनुसार मे ४, २०२२, बुधवार)
समय : दिउँसो २:०० बजे ।
स्थान : अग्रवाल भवन कमलपोखरी, काठमाडौं ।

**साधारण सभामा छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव :**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायत वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने ।

३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । वर्तमान लेखापरीक्षक श्री एम.जि.एस. एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्ट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।

४) संचालक समितिबाट प्रस्ताव गरे बमोजिम रकम रु. ३७,३७,६९८।- (अक्षरेपी सैतिस लाख सैतिस हजार छ सय अन्ठानब्बे मात्र) नगद लाभांस (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि) स्वीकृत गर्ने ।

५) संचालक समितिमा संस्थापक शेयरधनी समूह (क) बाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना र सर्वसाधारण शेयरधनी समूह (ख) बाट २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।

ख) **विशेष प्रस्ताव तर्फ :**

१) कम्पनीको अधिकृत पूंजी वृद्धि गरी रु. ३ अरब पुऱ्याउने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२) संचालक समितिबाट प्रस्ताव भए बमोजिम कम्पनीको हालको चुक्ता पूंजी रु. १,१८,३६,०४,४००।- (अक्षरेपी एक अरब अठार करोड छत्तिस लाख चार हजार चार सय मात्र) को ६ (छ) प्रतिशतका दरले हुन आउने रकम रु. ७,१०,१६,२६४।- (अक्षरेपी सात करोड दश लाख सोह्र हजार दुई सय चौसठ्ठी मात्र) बराबरको बोनस शेयर

एभरेष्ट इन्स्योरेन्स कं. लि. काठमाडौं

जारी गर्ने । बोनस शेयर जारी पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप बृद्धि गर्ने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

३) निर्जीवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसँग गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धी संचालक समितिलाई दिइएको सम्पूर्ण अधिकारलाई निरन्तरता प्रदान गर्ने ।

४) प्रबन्धपत्र र नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १०५ को (१)(ग) बमोजिम आ.व. २०७७/७८ मा चन्दा तथा सामाजिक उत्तरदायित्व शिर्षक अन्तर्गत भएको खर्च अनुमोदन गर्ने ।

ग) <u>विविध</u> :

<u>साधारण सभा सम्बन्धी सामान्य जानकारी</u>

१. सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२. यस साधारण सभामा भाग लिने प्रयोजनका लागि कम्पनीको शेयर दाखिला खारेजका लागि मिति २०७९।०१।१२ गते एक दिन बन्द रहने छ । उक्त मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोवार गरी सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार एनएमबी क्यापिटल लि. को शेयर अभिलेखमा दर्ता भएका शेयरधनीहरु साधारण सभामा भाग लिन योग्य मानिनेछन् ।

३. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान १२:०० बजे देखि खुल्ला रहनेछ ।

४. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले कम्पनीको अर्को शेयरधनी लाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फाराम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय हात्तिसार, काठमाडौंमा बुझाई सक्नु पर्नेछ । प्रोक्सी फाराम यस कम्पनीको वेभसाइटबाट पनि Download गर्न सकिनेछ ।

५. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रतिनिधि पत्र (प्रोक्सी) कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सूचना सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालय हात्तिसार, काठमाडौंमा पुग्नु पर्नेछ र नयाँ प्रोक्सीको हकमा नियम (४) मा उल्लेख भए बमोजिम हुनेछ ।

६. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ती सबै भन्दा पहिले प्राप्त भएको हो माथि (५) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वत: बदर हुनेछ ।

७. नाबालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछ ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

९. कम्पनी ऐन अनुसारको वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, सूचना तथा सामान्य जानकारी सम्वन्धी विवरण कम्पनीको website www.everestinsurance.com मा उपलब्ध हुनेछ ।

१०. संचालक निर्वाचन सम्बन्धि जानकारी यस कम्पनीको प्रधान कार्यालय हात्तिसार स्थित निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटी र कम्पनीको वेभसाईटमा समेत उपलब्ध हुनेछ ।

१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

भवदीय,

गीता के.सी.
कम्पनी सचिव

**बोधार्थ:**
१. बिमा समिति, कुपण्डोल, ललितपुर ।
२. नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. एनएमबी क्यापिटल लि., नक्साल, काठमाडौं ।